# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

सम्पर्क नं.
नगर प्रमुख : ०९१-५६०३८०
प्रमुख प्र.अ. : ०९१-५६०११८
प्रशासन शाखा : ०९१-५६०८१६


मिति : २०७९/०५/१४

## स्थानीय सरकारले एक सय दिनमा गरेका महत्वपुर्ण उपलव्धिहरु

आदरणीय नगरवासी आमा, वुवा, दाजुभाई तथा दिदिवहिनीहरु,

गत वैशाख ३०, गते सम्पन्न स्थानीय तहको निर्वाचनमा हामीलाई विजयी वनाई टीकापुर नगरपालिकाको जिम्मेवारी प्रदान गर्नु भएकोमा सम्पूर्ण नगरवासी आमा वुवा, दाजुभाई तथा दिदिवहिनीहरुमा धन्यवादका साथ कृतज्ञता ज्ञापन गर्दछौं । हामीले टीकापुर नगरपालिकामा कार्यभार सम्हालेको आज १०० दिन पुरा भएको छ । यसै सन्दर्भमा टीकापुर नगरपालिकाको उपप्रमुख पदमा रहँदा निरन्तर नगरको विकास, नगरवासीको हकहीत, सेवा प्रवाह र सुविधाहरुका वारेमा अझैं राम्रो वनाउन चिन्तनशील र प्रयत्नशील रहेका र सोही अनुरुपका कार्यहरु अगाडी बढाईरहेको यहाँहरु समक्ष अवगत गराउन चाहन्छु ।

नगरपालिकामा प्रवेश गरिसकेपछि आजका दिनसम्म १०० दिन पुरा गर्दा केहि महत्वपुर्ण उपलव्धिहरु गरी केही आगामी समयमा पुरा गर्ने गरी योजनावद्ध रुपमा अगाडी बढेको कुरा जानकारी गराउन चाहन्छु । जनताहरुका असिमित इच्छा आकांक्षाका विच हामीसंग उपलव्ध सिमित स्रोत र साधनको अधिकतम प्रयोग र मितव्ययिता कायम गरि यस वर्ष यहाँहरुको सेवा गर्ने जिम्मेवारी पाएको सय दिनसम्ममा भए गरेका प्रगतिहरुको समिक्षा गर्दै तपाईहरुका माझ पेश गर्न चाहन्छु ।

१. यस अवधिमा व्यवस्थापकीय कार्य तर्फ प्रथम नगरसभा सम्पन्न गर्नुका साथै ५ वटा नगरकार्यपालिकाको बैठक सम्पन्न भईसकेको छ ।

२. यस नगरपालिकाको सुरक्षा र विपद् जोखिमलाई मध्यनजर गर्दै ड्रोनको सहायताले जोखिम तथा सामाजिक अपराध न्युनिकरण गर्नका लागि ड्रोन खरिद प्रकृया अगाडी बढाईएको छ ।

३.हाम्रो नगरपालिकामा कृषि क्षेत्रमा अथाह एवं प्रचुर सम्भावना र अवसरहरु भएको र यस सम्भावना र अवसरलाई थप सहयोग पुगाउन वहुवर्षिय योजना अन्तर्गत प्रदेश सरकारसंग समन्वय र सहकार्य गरी करिव २ करोडको लागतमा खाद्य गोदाम निर्माण प्रकृयामा ।

४. फोहर लाई मोहरमा परिणत गर्ने कार्यका निमित्त वहुवर्षिय योजना अन्तर्गत प्रदेश सरकारसंग समन्वय र सहकार्य गरी फोहर व्यवस्थापन तथा कम्पोष्ट मल निर्माण गर्ने योजना अगाडी बढाईएको छ ।

५. उज्यालो कार्यक्रम अन्तर्गत टीकापुर नगर भित्र High Mast Light ,Smart Light, र Street Light लगाउने कामको थालनी भईसकेको छ र यसलाई अभियानकै रुपमा निरन्तर अगाडि वढाईनेछ ।

सम्पर्क नं.
नगर प्रमुख : ०९१-५६०३८०
प्रमुख प्र.अ. : ०९१-५६०११८
प्रशासन शाखा : ०९१-५६०८१६

६. टोल तथा वस्ती स्तर बाटनै नागरिकको सहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक, सामाजिक र सांस्कृतिक लगायत विकासका सबै पक्षमा दिगोपना र अपनत्व सिर्जना गर्न निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने नागरीकहरुको सहभागीतामा वडा कार्यालयको सहयोगीको रुपमा काम गर्ने गरी टोल विकास संस्थाको गठन तथा परिचालनका लागि अवधारणा अगाडी बढाईएको छ ।

७. नगरपालिकाको सर्वाङ्गी विकासका लागि औद्योगिक ग्राम स्थापना सम्भाव्यता अध्ययन तथा जग्गाको सुनिश्चितता गरी लगानी सम्मेलनको माध्यमबाट यस क्षेत्रमा लगानी भित्र्याउने समिति गठन गरी जिम्मेवारी बाँडफाँड भई कामको थालनी भएको छ ।

८. अन्तर स्थानीय सरकार सम्वन्ध र समन्वयका लागि भरतपुर महानगरपालिकासंग भगिनी सम्वन्ध स्थापनाका लागि आवश्यक पहल भएको छ ।

९. वर्षा याममा यस क्षेत्रमा सर्पको टोकाईबाट हुने मृत्युदर लाई न्युनिकरण गर्नका लागि सर्प दंस उपचार पद्वति, संरक्षण र जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्न थालनी गरिएको छ ।

१०. अस्पताल नजिकै रहेका मासु पसलहरुलाई उपयुक्त स्थानमा स्थानान्तरण गर्ने निर्णय गरिएको छ ।

११.यस नगरपालिका द्वारा संचालन गरिने सम्पुर्ण योजना तथा आयोजनाहरुलाई वैशाख मसान्त भित्र सम्पन्न गरी भुक्तानी लिई सक्नुपर्ने अनिवार्य व्यवस्थामा जोड दिदै विगतका आ.व. जसरी योजनाहरुको अ.ल्या. र म्याद थप नगरिने नितिगत सुधार गरीएको छ ।

१२. स्थानीय पाठ्यक्रम कक्षा १ देखि ५ सम्म र पाठ्यपुस्तक कक्षा १ को निर्माण सम्पन्न भईसकेको छ ।

१३. विद्यालय वाहिर रहेका विद्यालय उमेरका २३० जना बालबालिकाहरु मध्ये १८० भन्दा वढि बालबालिकालाई विद्यालय भर्ना गर्ने कार्य सम्पन्न गरीएको ।

१४. नेपाल कृषि अनुसन्धान परिषद (NARC) अन्तर्गत प्रदेश कृषि अनुसन्धान निर्देशनालय स्थापनाका लागि पहल गरिएको छ ।

१५. सडक किनारमा अव्यवस्थित तरिकाले राखेका निर्माण सामग्रीहरुलाई हटाउनका साथै यस कार्यलाई निरन्तर अभियानका रुपमा अगाडि बढाइएको छ ।

.......................
खडक बहादुर शाह
नगर उपप्रमुख

खडक बहादुर शाह
उप-प्रमुख